स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रियंका कार्कीले आफू सकुशल रहेको बताएकी छन् । मंगलबार उनीको बिषयमा नराम्रो हल्ला फैलिएपछि उनले सामाजिक सञ्जालमार्फत आफु सकुसल रहेको जानकारी दिएकी हुन् । इन्स्टाग्राममा एक स्टोरी सेयर गर्दै उनले आफू सुरक्षित रहेको र भ्रामक समाचारमा विश्वास नगर्न आग्रह गरेकी छन् । कार दुर्घटनामा मेरो निधन भएको भन्ने भ्रामक खबर फैलिएको छ । यो खबरमा कृपया विश्वास नगर्नुहोला, चिन्ता नगर्नूस ।

आजको विचार...



पदम न्यौपान

शैक्षिक...
(दुई पेजमा)

'स्मार्ट फोन' र 'सोसल साइट्स'को बढ्दो प्रयोगले कुनै पनि कुरा गोप्य रहन असम्भवझैं भइरहेको छ । यसबाट नेपाली फिल्म पनि प्रताडित छ । फिल्म रिलिजपछि हलभित्रै खिचेर सामाजिक सञ्जालमा हाल्ने प्रवृति पनि उस्तै छ । यतिबेला फिल्म 'ज्वाइँ साब'को एक दृश्य पनि टिकटकमा छ्यापछ्याप्ती बनेको छ । काठमाडौंको त्रिभुवन विमानस्थलमा अभिनेता जितु नेपाल बरखी बारेको सेतो लुगामा निलो रंगको झोला भिरेर हातमा पासपोर्ट र बच्चा काखी च्यापेको अवस्थामा देखिएका छन् । यो दृश्य मर्मस्पर्शी देखिन्छ ।



❒ वर्ष ३० ❒ अंक ७२ ❒ २०८१ असोज १० गते बिहीबार 26 September 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सिद्धबाबा सुरुङमार्ग : दुई बाइपासको 'ब्रेक थ्रु'

## भौतिक प्रगति २४ दशमलव १७ प्रतिशत र वित्तीय प्रगति २६ दशमलव ४ प्रतिशत निर्माण सकियो

रामचन्द्र रायमाझी

**पाल्पा,** असोज ९/राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको दुई वटा बाइपास सुरुङको 'ब्रेक थ्रु' सकिएको छ । कुल तीन वटा वाइपास मध्ये पहिलो र तेस्रो बाइपासको 'ब्रेक थ्रु' निर्माण सकिएको हो ।

भदौ २६ गते तेस्रो र असोज ४ गते पहिलो बाइपासको मुख्य टनेल खनेर सकिएको सिद्धबाबा सुरुङमार्ग आयोजनाले जनाएको छ । १ सय ५१ मिटर लम्बाइ रहेको पहिलो र १ सय ३० मिटर लम्बाइ भएको तेस्रो बाइपासको सुरुङ छिचोलिएर सकिएको हो । दोस्रो बाइपासको ब्रेक थ्रु भने केही समयमै गर्ने गरी काम धमाधम भएको आयोजनाकी इन्जिनीयर सविता ज्ञवालीले बताईन् । दोस्रो बाइपासको लम्बाइ १ सय ६१ मिटर रहेको छ । यसको १ सय २६ मिटर सुरुङ खनेर सकिएको उनको भनाई छ । इन्जिनीयर ज्ञवालीका अनुसार दोस्रो बाइपासको खन्ने काम १५ दिन भित्रमा सकिने छ । तर ब्रेक थ्रु हुन भने समय लाग्ने छ । मुख्य सुरुङ नजोडिएसम्म ब्रेक थ्रु हुन नसक्ने उनको भनाई छ । डिसेम्वरमा ब्रेक थ्रु गर्ने गरी निर्माण कम्पनीले काम अगाडि बढाएको ज्ञवालीले एनजेडीसँगको कुराकानीमा बताईन । यहाँ १ हजार १ सय २६ मिटर मुख्य सुरुङको लम्बाइ रहेको छ । निर्माणको जिम्मा पाएको निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले पछिल्लो केही समय यता कामलाई तिव्रता दिएको छ । सुरुङ 'ब्लास्ट' गरेपछि कामले तिव्रता पाएको हो । सिद्धबाबा सुरुङको ठेक्का दुई वर्ष अगाडिदेखि नै लागेको भए पनि काम भने गत माघदेखि सुरु भएको हो । सोमबारसम्म गरिएको अपडेट अनुसार सुरुङको भौतिक प्रगति २४ दशमलव १७ प्रतिशत र वित्तीय प्रगति २६ दशमलव ४ प्रतिशत सकिएको इन्जिनीयर ज्ञवालीले बताईन् । उनका अनुसार मुख्य सुरुङ ५ सय ८७ दशमलव २२ मिटर लम्बाइ खनिएको छ । अहिले ३ सिफ्टमा २४ सै घण्टा काम भइरहेको छ । ठेकेदार कम्पनीले पनि 'म्यानपावर' थपेर काम गरिरहेको आयोजनाले जनाएको छ । सुरुङको दुवैतर्फबाट निर्माण कार्य धमाधम भइरहेको हो । -**बाँकी अन्तिम पेजमा**







## सक्षिप्त समाचार

### दाङमा चट्याङ लागेर एकको मृत्यु



**देउखुरी (दाङ),** असोज ९/दाङमा चट्याङ लागेर एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् । घोराही उपमहानगरपालिका-११ खुङकोटका निमकली साहुको ढुङ्गा माटोले बनेको घरमा मङ्गलबार चट्याङ लागेको थियो । चट्याङ परी घाइते भएका निमकलीका तीन वर्षीय छोरा समिर साहुको उपचारको क्रममा बुधबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता रामप्रसाद तिमल्सिनाले जानकारी दिए । चट्याङमा परेर ४२ वर्षीया निमकली साहु र उनकी छ वर्षीया छोरी सविना साहु घाइते भएकी छन् ।दुवैजनाको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बगनासकालीमा सामाजिक सुरक्षा भत्ता लिन ३ हजार १ सय सूचिकृत

## भत्ता पाउने लाभग्राही घटे

**पाल्पा,** असोज ९/जिल्लाको बगनासकाली गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता लिन तीन हजार एक सय बढी लाभग्राही सूचिकृत भएका छन् । गाउँपालिकामा तोकिएको मापदण्ड र प्रक्रिया पूरा गरेका ३ हजार १ सय ४७ जना लाभग्राही सामाजिक सुरक्षा भत्ता दिन सूचिकृत भएका हुन् ।

पालिकाले सूचिकृत भएकाहरुलाई आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक भत्ता लिनका लागि वितरणको तयारी अन्तिम चरणमा पुर्याएको छ । उनीहरूका लागि ३ करोड १४ लाख ८ हजार ९१ रुपैंया निकासा गर्न सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाले पालिकाभित्रको सबै वडामा पुगी तयारी पूरा गरेको छ । सामाजिक सुरक्षा शाखा र आर्थिक प्रशासनशाखाको तयारी पूरा भएपछि कोष तथा लेखा लेखा नियन्त्रण कार्यालयबाट सिधै लाभग्राहीको बैंक खातामा रकम जम्मा हुनेछ । दशैं अगाडि नै कार्यालयले आवश्यक प्रक्रिया सम्पन्न हुने गाउँपालिकाका लेखा अधिकृत कोशलराज पौडेलले जानकारी दिए । यस वर्ष सामाजिक सुरक्षा भत्ता दिने लाभग्राही भने घटेका छन् ।



गत वर्षको तुलनामा २५ जना लाभग्राही घटेका हुन् । गत आर्थिक वर्षको चौथो त्रैमासिकमा ३ हजार १ सय ७२ लाभग्राही थिए । तर चालुआर्थिक वर्ष त्यो संख्या घटेर ३ हजार १ सय ४७ लाभग्राहीमा कायम भएको छ । आर्थिक वर्ष २०८१/८२ मा ३ हजार ८२ जना लाभग्राहीले नविकरण गरेको र ६६ जना नयाँ लाभग्राही थप भएको फिल्ड सहायक प्रेम बहादुर बगालेले बताए । उनका अनुसार गाउँपालिकामा २५ जना लाभग्राही देश बाहिर र सम्पर्कमा नआएकोले नविकरण छुट भएका हुन् । सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा प्रमुख भोजराज भट्टराईका अनुसार चालुआर्थिक वर्ष बगनासकालीमा ६८ वर्ष माथिका जेष्ठ नागरिकको सख्या १ हजार ९ सय ५७ जना, दलित जेष्ठ नागरिक १ सय ४० जना, एकल महिला जेष्ठ नागरिक २ सय ७२ जना, विधवा (आर्थिक सहायता) ४ सय ३५, पूर्ण अपाङ्ग ४७ जना जना, अपाङ्गता ख वर्ग आर्थिक सहायता १ सय ४ जना र दलित बालपोषण १ सय ९२ जना सामाजिक सुरक्षा भत्ताका लागि सूचिकृत भएका छन् ।

**-बाँकी अन्तिम पेनमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## परमाणु हतियार निर्मूल दिवसको सन्दर्भ

आज अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मूल दिवस । संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक सेप्टेम्बर २६ का दिन यो दिवस मनाउने गरिन्छ । परमाणु हतियारको पूर्ण उन्मूलन गर्न आवश्यकताबारे आमजनमानसलाई जागरूक पार्दै यसले मानव जातीमा पार्ने असरको बारेमा सबैलाई जानकारी दिनु नै दिवसको मुख्य उद्देश्य हो । विशेषगरी १९४५ को अगस्त ६ मा जापानको हिरोशिमा र नागासाकी शहरमा आणविक बम प्रहार गरी ध्वस्त पारिएपछि सन् १९४६ मा बसेको राष्ट्रसंघ महासभाको पहिलो बैठकले विश्वलाई परमाणु निषेध बनाउने संकल्प गरेको थियो । तर विश्वका केही विकसित देशहरुले परमाणु हतियारको विकासमा रोक लगाएका छन् । विश्वलाई परमाणु हतियार मुक्त गर्ने संयुक्त राष्ट्र संघको पुरानो उद्देश्य हो । संयुक्त राष्ट्र संघको उक्त उद्देश्य पुरा गर्ने र विश्वलाई परमाणु हतियार मुक्त गराउने उद्देश्यलाई साथ दिँदै कतिपय मुलुकले आफ्नो परमाणु कार्यक्रम समेत बन्द गरेका थिए तर त्यसको विभिषिका अझै कायम छ ।

अहिलेको विश्व जगतमा मुख्य चासो र चिन्ताको विषय परमाणु हतियारको सुरक्षा कसरी गर्ने भन्ने रहेको छ । यद्यपी हिरोशिमा र नागासाकीमा परमाणु हतियार प्रयोग भएयता खासै यस्तो हतियार प्रयोग गरिएको छैन । तर विभिन्न देशहरुले परमाणुको परीक्षण गर्न भने छाडेका छैनन् । परमाणु हतियारको परीक्षणले समेत वायुमण्डललाई धेरै नोक्सानी पुऱ्याइरहेको छ । परीक्षणको नाममा माटो र वातावरणको लागि अत्यन्त हानिकारक रेडियोधर्मीहरु वायुमण्डलमा छाडिसकिएको छ । आणविक बम आफैमा अत्यधिक असरयुक्त हतियार हो । आधुनिक विज्ञानमा यसको विकास हुनु भनेको विनास निम्तिनु हो । किनकी आणविक बमले तत्कालिन रुपमा मात्रै होइन, दिर्घकालिन रुपमा समेत ठूलो असर गर्दछ । विश्वमा परमाणु हतियार सम्पन्न मुलुकको संख्या ९ छ। तीमध्ये अधिकांश एसियाली मुलुक छन् । संयुक्त राष्ट्रसंघमा भिटो अधिकार प्रयोग गर्ने अमेरिका, चीन, रुस, फ्रान्स र बेलायतसहित पाकिस्तान, भारत, इजरायल र उत्तर कोरिया परमाणु शक्तिसम्पन्न राष्ट्र हुन् । सबैभन्दा बढी परमाणु हतियार रुससँग छन् । यसरी यी मूलुकहरुमा परमाणु हतियार हुनु भनेको विश्व अझै पनि असुरक्षित छ भन्ने संकेत हो । कुनै पनि शक्तिशाली शासकको झिनो उत्तेजनामा विश्व ध्वस्त हुन सक्ने अवस्था छ । अहिलेको अवस्थामा हतियारको प्रयोग गरेर द्वन्द्वको समाधान खोजिनु हुँदैन । असहमतिका विषयहरु भए बरु वार्ता र सहकार्यको माध्यमबाट समाधान गर्नु पर्छ । यसो गर्न सकियो भने मात्र विश्व शान्त रहने र हरेक वर्ष अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मूल दिवस मनाउनुले सार्थकता प्राप्त गर्ने छ ।

### Opinion @ Social Network

जिन्दगी पनि एउटा अन्जान किताब जस्तै हो,
आउदो पानामा के लेखिएको छ कसैलाई थाहा हुदैन।
(रोसन ठकुरीको फेसबुक स्टाटसबाट www.facebook.com//Rosan.Thakuri)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रभास क्षेत्रको सम्भावना र अवसर, खाँचो इच्छा शक्तिको




सिद्धार्थ राजमार्ग (बेहलिया देखि पोखरा) को तानसेन नगरपालिका खण्डमा पर्ने यो क्षेत्र तानसेन नगरपालिकाको वडा नं. ७ मा पर्दछ । प्रभास एक सिमसार क्षेत्र (धार्मिक र सांस्कृतिक क्षेत्र) पनि हो । यो राजमार्गको एक आकर्षक स्थान हो । प्रभास क्षेत्र पाल्पाको सदरमुकाम तानसेनबाट ९ कि.मी. दक्षिणमा पर्दछ भने करिब समुद्र सतहदेखी ९०० मी. उचाँईमा रहेको छ । विशेषगरी कमल पोखरीको नामले परिचय पाएको यो क्षेत्रको महत्वलाई धार्मिक, आर्थिक, सांस्कृतिक, पौराणिक, जैविक साथै कृषिका रुपमा हेर्ने गरिन्छ । तर पनि पाल्पाका अन्य तालहरु सत्यवती, सुकेताल जस्ता तालहरुको नाम सुनिएपनि प्रभास कुण्ड (ताल) भने विरलै सुन्न पाइन्छ तर पौराणिक कहानी एवं दस्तावेजहरुमा भने निकै महत्वका साथ उल्लेख गरिएको पाइन्छ । यसर्थ यहाँ प्रभास क्षेत्रको परिचय, सम्भावना र अवसरका विषयमा केन्द्रीत रहेर चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

*अध्ययन अनुसन्धानका अनुसार यस क्षेत्रको पानीको मानांकहरुमा पनि परिवर्तन भएको संकेत र निष्कर्षहरु निस्केका छन् । यस सिमसार क्षेत्रले करिब ४५ प्रजातिका वनस्पतिहरुलाई बासस्थान प्रदान गरेको छ । जसमध्ये केही रैथाने वनस्पतीहरु पनि रहेका छन् । यसमा केही माछाका प्रजातिहरु, उभयचरहरु र यसमा आश्रित जलपंक्षीहरु पनि विशेष रहेका छन् । प्राणीहरुको अभिलेखहरु हेर्दा चखेवा, चखेवी, जङ्गली हाँस, माटिकोरे, डुबुल्की मार्ने चराहरु साथै माछा र शंखे कीराको प्रजातिहरु यस क्षेत्रमा रहेको पाइन्छ । प्रभास क्षेत्र एक पवित्र तीर्थस्थल : १५ औं शताब्दीदेखिको मणिमुकुन्देश्वर महादेव मन्दिर र बंशोगोपाल मन्दिर अनि सुर्यकुण्डले एउटा सिंगो धार्मिक मान्यता सहितको इतिहास बोकेको मात्र होइन यस क्षेत्रको धार्मिक महत्व एवं सम्बन्धका बारेमा केही दस्तावेजहरु र किम्वदन्तीहरुका अनुसार धार्मिक पर्यटनको प्रवल सम्भावना बोकेको क्षेत्र पनि हो । साथै यहाँ पाइने गरेको जंगली धानको सम्बन्ध लुम्बिनी र तिलौराकोटसँग पनि रहेको विषय पनि खोजीका क्रममा रहेको छ । भारतको अक्षरधामका संस्थापक स्वामीनारायण र प्रभासको सम्बन्ध भएको विषय समेत खोजीका क्रममा रहेको देखिन्छ ।*

**कमल पोखरी सिमसार क्षेत्र :** "प्रभास ताल"एक अनुपम प्राकृतिक भौतिक स्रोत र साधन भएको र विषेश जीव वनस्पतिहरुलाई बासस्थान प्रदान गर्ने महत्वपूर्ण सिमसार क्षेत्र हो । यस क्षेत्रमा जङ्गलीधान (Oryza rufipogen) र कमल (Nelumbo nucifera) जस्ता लोपोन्मुख वनस्पति रहेका छन् । अध्ययन अनुसन्धानका अनुसार यस क्षेत्रको पानीको मानांकहरुमा पनि परिवर्तन भएको संकेत र निष्कर्षहरु निस्केका छन् । यस सिमसार क्षेत्रले करिब ४५ प्रजातिका वनस्पतिहरुलाई बासस्थान प्रदान गरेको छ । जसमध्ये केही रैथाने वनस्पतीहरु पनि रहेका छन् । यसमा केही माछाका प्रजातिहरु, उभयचरहरु र यसमा आश्रित जलपंक्षीहरु पनि विशेष रहेका छन् । प्राणीहरुको अभिलेखहरु हेर्दा चखेवा, चखेवी, जङ्गली हाँस, माटिकोरे, डुबुल्की मार्ने चराहरु साथै माछा र शंखे कीराको प्रजातिहरु यस क्षेत्रमा रहेको पाइन्छ ।

**प्रभास क्षेत्र एक पवित्र तीर्थस्थल :** १५ औं शताब्दीदेखिको मणिमुकुन्देश्वर महादेव मन्दिर र बंशोगोपाल मन्दिर अनि सुर्यकुण्डले एउटा सिंगो धार्मिक मान्यता सहितको इतिहास बोकेको मात्र होइन यस क्षेत्रको धार्मिक महत्व एवं सम्बन्धका बारेमा केही दस्तावेजहरु र किम्वदन्तीहरुका अनुसार धार्मिक पर्यटनको प्रवल सम्भावना बोकेको क्षेत्र पनि हो । साथै यहाँ पाइने गरेको जंगली धानको सम्बन्ध लुम्बिनी र तिलौराकोटसँग पनि रहेको विषय पनि खोजीका क्रममा रहेको छ ।

भारतको अक्षरधामका संस्थापक स्वामीनारायण र प्रभासको सम्बन्ध भएको विषय समेत खोजीका क्रममा रहेको देखिन्छ ।

**राणाकालमा श्री ३ बीर शम्सेरको मुकाम प्रभास :** तत्कालिन अवस्थामा श्री ३ वीर शम्सेरले पश्चिम नेपालको मुख्य प्रशासनिक क्षेत्र पाल्पाको भ्रमण गरेका बखत पाल्पामा रहेका आफ्ना नाताले भाइ वीरजंग राणा समेत २ जना समान पद जर्नेलमा रहेका कारण प्रभासमा आइ आफ्नो मुकाम कायम गरी सबै प्रशासनिक कार्यहरु सम्पन्न गर्ने गरेको इतिहासले पनि प्रभासको महत्व प्रदर्शन हुन्छ ।

**प्रकृतिको बरदान प्राप्त क्षेत्र :** ताल किनारमा रहेको एकैजातका चिलौनी जातका रुखहरुको जंगल डाडैभरी रहनु पनि यस क्षेत्रको विशेषता सहितको पहिचान बनाएको छ ।

**अन्य महत्वका विषय :** करिव १६ रोपनी क्षेत्रफल रहेको प्रभासको आँपको बगैचाको इतिहास पनि लामै रहेको छ । यसका साथै सुन्दरगाउँस्थित दरबारथुम्का (जहाँ सेन राजाहरुले निर्माण गरेको दरबार थियो भनिन्छ, भग्नावशेष अहिले पनि भेटिन्छ) र यसै क्षेत्रबाट नेपालमा योग शिक्षाको अभियान प्रारम्भ भएको थियो । साथै पछिल्लो समयमा स्थापना भएको लुम्बिनी मेडिकल कलेजले सिर्जना गरेको नयाँ अवसरहरुले प्रभासको महत्व र गरिमा बढाएको छ । यहाँ उपलव्ध साधन, श्रोत, अवसर र पुराना मान्यताका अनगिन्ती सम्भावनाहरुको पृष्ठभूमिमा प्रभासले अकल्पनीय सम्भावना बोकेको छ ।

**प्रभासले खोजेको एकिकृत विकासका लागि निम्नानुसारका पहल आवश्यक छ ।**

१) तानसेन नगरपालिकाको एउटा मात्र अतिमहत्वपूर्ण सिमसार क्षेत्र मात्र नभई आध्यात्मिक र सांस्कृतिक क्षेत्र पनि भएकाले यसलाई आगामी नीति तथा कार्यक्रम प्रस्तुत गर्दा विशेष सांस्कृतिक क्षेत्र घोषणा गर्नु पर्दछ ।

२) नगरपालिकाको सहयोगमा तत्काल गुरु योजना बनाइनु पर्दछ । गुरु योजना निर्माण गर्दा निम्न पक्षहरुलाई विशेष ध्यान दिन जरुरी छ ।

क) हालको कमल पोखरी क्षेत्र बाहिरको सिमसार नीजि जग्गा धनिहरुको समेत सहमतिमा बाघखोर सम्मको क्षेत्र समेटिनु पर्दछ । तालको विस्तार गर्दा जग्गा धनिहरुलाई हालको उत्पादन अवस्था र पर्यापर्यटनको विकासबाट सिर्जना हुने अवसरबारे विस्तृत जानकारी गराउने र गूरुयोजना निर्माण प्रारम्भ गर्दा सहमतिका साथ बनाउने पहल गरिनु पर्दछ ।

ख) दरबार थुम्कामा भग्नावशेष प्राप्त हुने भए पनि सार्वजनिक जग्गा नभएका कारण सो क्षेत्रमा विशेष प्रकृतिको पार्क (योग पार्क) निर्माण र सो बाट प्राप्त हुने अवसरको बारेमा छलफल गरिनु पर्दछ ।

ग) सुन्दरगाउँ वन चिलाउनेको रुख भएको बन भएकाले यसका बारेमा वन उपभोक्ता समूहसँगको सल्लाहमा यदी हालका रुख हटाइ नयाँ लगाउन मिल्ने भएमा औषधीजन्य र हर्वल प्लान्टहरुको बृक्षारोपणबारे छलफल र अध्ययन जरुरी देखिन्छ ।

घ) कमल पोखरी ताल हाल पर्खालले घेरिएको मात्र हो भन्ने आधारमा मात्र केन्द्रित नरही सिद्धार्थ राजमार्ग देखि झण्डै १ किमी पूर्व तर्फको लम्वाइलाई नै लक्षित गर्ने र सो क्षेत्रमा पर्ने नीजि जग्ग धनीहरु समेतको संलग्नतामा ताल विस्तार गर्ने र सम्वद्ध जग्गा धनीहरुको जग्गाको सामान्य मूल्याकंन गरी ताल किनारमा रहेकाका लागि विशेष लगानी गरी गुरु योजनाले देखाए बमोजिम संरचना निर्माणमा मद्धत गर्ने र ताल निर्माणमा जग्गा पर्ने तर किनारमा जग्गा बाँकी नरहनेका लागि व्यवसाय सञ्चालनका लागि जग्गा उपलव्ध गराउने अवधारणामा केन्द्रित भै योजना निर्माण प्रक्रिया अगाडि बढाउन सके आर्थिक क्रियाकलापबाट दीगो आम्दानी प्राप्त गर्न सक्ने छन् ।

३) प्रभास क्षेत्रका तिनबाट धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदा(महादेव मन्दिर, बंशगोपाल मन्दिर र सूर्य कुण्ड) को सांस्कृतिक महत्व समेटेर नक्सा बनाइ बाटोमा होडिङ्गबोर्ड राख्न जरुरी छ ।

४) यहाँ पाइने गरेको जंगली धानको संरक्षणका लागि तारबार गरी एउटा निश्चित क्षेत्र तोकी प्रारम्भ गरिनु पर्दछ ।

५) आँपको बगैचाको क्षेत्रफल एकिन गरी संरक्षणका साथै आकर्षक फूलबारी बनाउन जरुरी छ ।

६) लुम्बिनी मेडिकल कलेजबाट निस्कने फोहरको व्यवस्थापन गर्न मेडिकल कलेजकै अगुवाइमा आवश्यक प्रबन्ध मिलाउन अब ढीलाई गर्नु हुँदैन ।

७) गुरु योजनाको निर्माण पश्चात सार्वजनिक निजि साझेदारी,नीजि वा सामुदायिक लगानी एवं सहकारीको लगानीका लागि पहल गर्ने सोंच बारे छलफल प्रारम्भ गरिनु पर्दछ ।

८) सिद्धार्थ राजमार्ग विस्तारले मणिमुकुन्देश्वर महादेव मन्दिरलाई समस्यामा पार्ने अवस्था सिर्जना भएमा हालको तालको विचमा महादेव मन्दिर स्थापना गर्ने बारे अहिले देखिनै बहस छलफल र राय संकलन प्रारम्भ गरिनु पर्दछ । उल्लेखित केही महत्वपूर्ण पक्षहरुले प्रभासको दीर्घकालीन विकासका लागि योजना बनाउन मद्धत गर्ने छ । साथै प्रभास सिमसार क्षेत्र र तालको संरक्षण र सम्बर्द्धन गर्न र व्यवस्थापन गर्न सके पाल्पाको पर्यटन पवर्द्धनमा यसले सघाउ पुऱ्याउन सक्ने प्रष्टै देखिन्छ । अन्त्यमा ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा वायोडायभरसिटीका हिसावले महत्व राख्ने प्रभासको संरक्षण र सम्वर्द्धनका लागि अब ढीलाई गर्नु हुँदैन । यसबाट नगरपालिमा एउटा विशिष्ट प्रकृतिको सिमसार, पर्यापर्यटनको उदारणीय क्षेत्र, विशेष महत्वको सांस्कृतिक क्षेत्र र धार्मिक हिसावले महत्वपूर्ण गन्तव्य पनि बन्ने छ ।

***साभार : तानपा ७ द्वारा प्रकाशित प्रभास क्षेत्र नामक पुस्तकबाट (लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्य वा रोजगार पाइनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **तुला** : ताकेको कार्य पुरा होला । आर्जनका क्षेत्रमा सुधार आउनेछ । |
| **वृष** : श्रमको उचित मूल्यांकन हुनेछ । मनोरञ्जनमा सहभागिता भइएला । | **वृश्चिक** : धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । |
| **मिथुन** : नयाँ कामको थालनी होला । कान्ति र मनमा शान्ति छाउनेछ । | **धनु** : मनमा हर्ष, उमंग र उत्साह छाउने र जोशजाँगर बढ्नेछ । |
| **कर्कट** : मान प्रतिष्ठामा वृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । | **मकर** : कार्यमा सफलता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । |
| **सिंह** : आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **कुम्भ** :शेयर बजारको कारोबार हुनेछ । जोश, जाँगर र हिम्मत बढ्नेछ । |
| **कन्या** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । शुभ समाचार पनि सुन्न पाइएला । | **मीन** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । |

## बाल बाटिका

कमल रिजाल

# असल मान्छे बन्ने तरिका

> *हामीलाई थाहा छ मूर्ति बन्ने भनेको ढुङ्गाबाट हो तर यसको अर्थ सबै ढुङ्गा मूर्ति बन्छन्, बन्न सक्छन् भन्ने होइन । त्यही ढुङ्गा मूर्ति बन्छ, जसले छिनोको चोट र हम्मरको ठक्कर खाने हिम्मत गरेको हुन्छ । जुन ढुङ्गाले चोट र ठक्कर खाने हिम्मत गऱ्यो ऊ सुन्दर मूर्ति बनेर देवताको पंक्तिमा उभिन पुग्यो जसले गरेन, गर्न सकेन ऊ जहाँको तहीँ रह्यो । चाहे सुन, चाँदी, फलाम आदिको कुरा गरौँ चाहे ढुङ्गा, माटो, काठ आदिको यदि मूर्ति बन्ने इच्छा गर्ने हो भने चोट र ठक्कर खाने हिम्मत गर्नैपर्छ । मुरलीको अवस्था पनि त्यस्तै हो । मुरली बाँसबाट बन्छ तर सबै बाँसले मुरली बन्ने अवसर भने पाएका हुँदैनन् । यसका लागि उसले सर्वप्रथम काटिने र ताछिने हिम्मत जुटाउनुपर्छ । त्यतिले मात्र पनि पुग्दैन । शरीरका विभिन्न ठाउँमा झिरले पार्ने प्वाललाई सहनसमेत परेको हुन्छ । जुन बाँसले यस्ता तमाम कष्ट झेलेको हुन्छ ऊ मात्र मुरली बनेर दुनियाँको हाइहाइ बन्न पुग्छ । होइन जहाँ थियो त्यही रहन्छ । जहाँबाट उठेको थियो त्यहीँ बिलाउँ छ । भाइबहिनीहरूले नदी, नाला, खोलाहरू देखेकै होलाऊ । उनीहरू रात दिन नभनी निरन्तर किन बगिरहेका होलान् थाहा छ ? किनकि उनीहरूलाई आफ्नै मूल घर समुद्रसम्म पुग्नु छ । त्यसैले बगेका हुन्, कुदेका हुन् तर चानचुने सैर्षले त्यहाँसम्म पुग्न भने सक्दैनन् ।*

प्रसङ्ग झण्डै पौने दुई सय वर्ष अघिको हो । अब्राहम लिङ्कनको नाम भाइबहिनीहरूले पनि सुनेको हुनुपर्छ । उनी अमेरिकाको सोह्रौँ राष्ट्रपति हुन् । सन् १८०९ मा गरिव परिवारमा जन्मेका लिङ्कन सन् १८६१ देखि १८६५ सम्म अमेरिकाको राष्टपति भएका थिए । उनले राष्ट्रपति भएपछि रक्षामन्त्रीमा आृना कट्टर बिरोधी व्यक्तिलाई नियुक्त गरेका थिए, जसलाई उनका एक हितैषी मित्रले पचाउन सकेनन् र सम्झाउँदै भने- 'के गर्दै हुनुहुन्छ यो ? यी व्यक्ति कस्ता हुन् भन्ने थाहा छैन ? आृनै बिरोधी व्यक्तिलाई टिममा राखेर कसरी काम गर्नुहुन्छ ?' मित्रको कुरा सुनेर लिङ्कनले तत्काले कुनै प्रतिक्रिया दिएनन् । एक छिन मौन रहेपछि मुस्कुराउँदै भने- 'ठीक भन्नुभयो तपाईंले उनी मेरा बिरोधी हुन् तर उनीभन्दा नजिकको हितैषी अर्को देखिन र उनैलाई रक्षामन्त्री बनाएको हुँ ।' उनका कुरा मित्रले के कति बुझे कुन्नि तर लिङ्कनले भने विरोधमा छिपेको शक्ति राम्रै बुझेका थिए । संसारमा प्राय: बुझाइ के देखिन्छ भने विरोधी भनेका शत्रु हुन्, जो हमेशा उन्नति र प्रगतिमा बाधक बन्छ तर वास्तविकता त्यस्तो छैन । अलिकति गहिरिएर विचार गर्ने हो भने अवस्था त्यसको ठीक उल्टो फेला पर्छ । जसले विरोधी वा विरोधको सामना गर्ने हिम्मत गर्छ उसैले जीवनमा उन्नति र प्रगति गरेको हुन्छ गर्न सकेको हुन्छ । प्रगतिका लागि ठक्कर खान पनि सक्नुपर्छ, टक्कर सहन पनि सक्नुपर्छ । लडिन्छ कि भनेर डराउने हो भने एकै पाइलो पनि सार्न सकिन्न तर जोखिम सामना गर्ने आँट गर्नेहरू सजिलै समुद्रमा कुद्ने र आकाशमा उड्ने काम गरिरहेका हुन्छन् । हामीलाई थाहा छ मूर्ति बन्ने भनेको ढुङ्गाबाट हो तर यसको अर्थ सबै ढुङ्गा मूर्ति बन्छन्, बन्न सक्छन् भन्ने होइन । त्यही ढुङ्गा मूर्ति बन्छ, जसले छिनोको चोट र हम्मरको ठक्कर खाने हिम्मत गरेको हुन्छ । जुन ढुङ्गाले चोट र ठक्कर खाने हिम्मत गऱ्यो ऊ सुन्दर मूर्ति बनेर देवताको पंक्तिमा उभिन पुग्यो जसले गरेन, गर्न सकेन ऊ जहाँको तहीँ रह्यो । चाहे सुन, चाँदी, फलाम आदिको कुरा गरौँ चाहे ढुङ्गा, माटो, काठ आदिको यदि मूर्ति बन्ने इच्छा गर्ने हो भने चोट र ठक्कर खाने हिम्मत गर्नैपर्छ । मुरलीको अवस्था पनि त्यस्तै हो । मुरली बाँसबाट बन्छ तर सबै बाँसले मुरली बन्ने अवसर भने पाएका हुँदैनन् । यसका लागि उसले सर्वप्रथम काटिने र ताछिने हिम्मत जुटाउनुपर्छ । त्यतिले मात्र पनि पुग्दैन । शरीरका विभिन्न ठाउँमा झिरले पार्ने प्वाललाई सहनसमेत परेको हुन्छ । जुन बाँसले यस्ता तमाम कष्ट झेलेको हुन्छ ऊ मात्र मुरली बनेर दुनियाँको हाइहाइ बन्न पुग्छ । होइन जहाँ थियो त्यही रहन्छ । जहाँबाट उठेको थियो त्यहीँ बिलाउँ छ । भाइबहिनीहरूले नदी, नाला, खोलाहरू देखेकै होलाऊ । उनीहरू रात दिन नभनी निरन्तर किन बगिरहेका होलान् थाहा छ ? किनकि उनीहरूलाई आफ्नै मूल घर समुद्रसम्म पुग्नु छ । त्यसैले बगेका हुन्, कुदेका हुन् तर चानचुने सैर्षले त्यहाँसम्म पुग्न भने सक्दैनन् । यसका लागि सर्वप्रथम रातदिन नभनी निरन्तर हिँडिरहनुपर्छ । दोस्रो कुरा बाटामा अनेक खाले झमेला आइलाग्छन् त्यसलाई समेत झेल्नुपर्ने हुन्छ । दुनियाँले फालेका फोहर मैला बोक्नु पनि परेकै हुन्छ, कतिले नहर वा कुलो बनाएर खेतबारीमा पुऱ्याउका हुन्छन् त्यसलाई पचाउन पनि परेकै हुन्छ । जसले यी तमाम सङ्कट सहेर बग्ने आँट गरेका हुन्छन् उनीहरूले मात्र समुद्रसम्म पुग्ने अवसर पाएका हुन्छन् । बाँकी बीचैमा सुकेर कता हराउँछन् पत्तै हुँदैन । फलफूल, रुखबिरुवा वा वनस्पतिको अवस्था पनि त्यस्तै हो । उनीहरूको उद्देश्य फलफूल अक्सिजन आदि दिएर हाम्रो सेवा गर्नु हो तर यसका लागि भने उनीहरूले पनि निकै कठिनाइको सामना गर्नुपर्ने हुन्छ, गर्नुपरेको हुन्छ । कतिलाई गाई, भैँसी, बाखा आदिले सानैमा लुछिदिन सक्छन् । कतिलाई मानिसकै हातको शिकार बन्नुपरेको हुन सक्छ । कतिले घाँस दाउरा बन्नु पर्ला । कतिले कसैको झ्याल, ढोका बनिदिनु पर्ला । जो यी तमाम समस्या झेलेर खडा हुन्छन्, हुन सकेका हुन्छन् उनीहरूले मात्र आफ्नो उद्देश्य पूरा गर्न सक्छन् । नवाजात शिशु कति नाजकु हुन्छन् सबैलाई थाहा छ । जता सुतायो त्यतै सुत्नुपर्छ, जे खुवायो त्यही खानुपर्छ । कोल्टे फर्कन समेत अरुको सहयोग चाहिन्छ तर तिनै बालक पछि गएर ठूलो मानिस बन्न सक्छन्, बनिरहेका हुन्छन् । हामीलाई लाग्न सक्छ यो त्यत्तिकै भएको हो तर कुरो त्यसो होइन । यसका लागि उसले निकै सैर्ष गर्नुपरेको हुन्छ । सकिनसकी बामे सर्नु पर्ला, घिस्रिनु पर्ला, उभिन खोज्दा कति पटक लड्यो होला, कयौँ घाउचोट लागे होला । के बामे सर्न खोज्दा कमलो छाला कोरिएला, उभिन खोज्दा लडिएला, घाउचोट लाग्ला भनेर डराएको भए यहाँसम्म पुग्थ्यो होला ? उत्तर हो पक्कै थिएन । यी केही उदाहरण हुन् । अघि बढ्न चाहने सबैको अवस्था अन्ततः यस्तै हो । जसले सङ्कट सामना गर्ने आँट र बाधा बिरोध झेल्ने हिम्मत गर्छ उसैले प्रगति गर्छ । जो यसबाट डराउँछ उसले केही पनि गर्न सक्दैन, जहाँको तहीँ रहन्छ । व्यक्ति आफैँ राम्रो नराम्रो भन्ने हुँदैन । कसैले अनुहार हेरेर प्रशंसा गर्ने पनि होइनन् । लिङ्कन यसैका उदाहरण हुन् । उनी काला जातिका थिए । उनका समयमा अमेरिकामा काला जातिलाई दासको जस्तो व्यवहार गरिन्थ्यो । कति त दासकै अवस्थामा थिए त्यतिबेलासम्म पनि । उनले नै दास प्रथा उन्मूलन गरेका हुन् त्यहाँको । एक त गरिव परिवारमा जन्मेका त्यसमाथि काला जाति अनुहार हेरेर मन पराएका होलान् भन्ने कल्पनासम्म गर्न सकिन्न । तैपनि उनी सबैका हाइहाइ हुन पुगे । कारण उनको त्यही ठक्कर र टक्कर झेल्ने हिम्मत नै हो । उनी कसैले बिरोध गर्छ कि भनेर डराउँदैन थिए बरु त्यसैबाट शिक्षा लिएर आफ्ना काम कारवाहीलाई सुधार्थे, जसले गर्दा दुनियाँका अघि यति बढी असल मानिसको परिचय दिन सफल भए कि अहिलेसम्म पनि राम्रो मानिसको उदाहरण दिनुपर्दा उनकै नाम लिने गरिएको छ ।

*-रातोपाटी डटकम*

कथा — विजयराज पोखरेल

# प्रकृतिसँग संवाद



> *आपतविपत पर्दा मात्र मनुष्यले मलाई जोगाउनु पर्छ भन्ने रट लगाउँछ । मेरो नाममा हरेक वर्ष विश्वभरि नै विभिन्न सम्मेलन र गोष्ठीहरू आयोजना गरिन्छ तर मैले भने ठूलो भिन्नताको अनुभव गर्न सकिरहेकी छैन । मैले आफ्नो विगत नियाल्दा म ढुक्क हुनसक्ने अवस्थामा त छैन । तर पनि मेरो सुन्दरता र यौवनमा लालायित हुने मनुष्य जातिलाई एउटा मात्र बिन्ती छ - मलाई जसरी उपयोग गर्छौ गर, तर तिमीहरूले आफ्नो स्वास्थ्यको ख्याल गरिरहँदा मेरो स्वास्थ्यको पनि ख्याल गरिदिए यो ब्रह्माण्डकै लागि हितकर हुने थियो । अहिले कोरोना कालमा मप्रति देखाइएको सहानुभूतिले सदाका लागि निरन्तरता पाए हुन्थ्यो ।"*

प्रकृति सधैं जिङग्रिङ्ग परेकी, मयलले पोतिएकी, घीनलाग्दी देखिन्थी । काती परेका वस्त्र र दुङ्दुङ गह्नाउने शरीरका कारण उसको कलकलाउँदो उमेरमा पनि कुनै आकर्षण भेटिन्नथ्यो । ऊ निराश र तनावको जीवन जिउन बाध्य छ भन्ने संकेत यौवन नढल्किंदै जीउडालमा बुढ्यौलीको लक्षण देखिनुले स्पष्ट पार्थ्यो । मानसिक रूपले विक्षिप्त प्रकृतिको अनुहारमा मुस्कान बिरलै देख्न पाइन्थ्यो । मनमनै म सोच्थें पनि, प्रकृतिलाई नुहाइधुवाइ, कोरीबाटी गरी सफा लुगा लगाइदिएर नियाल्न पाए कस्ती देखिन्थी होली ? तर, उसलाई चिटिक्क परेकी देख्ने चाहनाहरू मनभित्रै गुम्सिएर रहन्थे । प्रकृतिको दिनानुदिन खस्कँदो अवस्थाप्रति धेरैलाई सरोकार नै हुन छाडिसकेको थियो । प्रकृति सधैं उस्तै त हो नि भनेर अरूले सोचे जस्तै उसलाई बिर्सने प्रयास गरिरहें मैले पनि । आजकल भने प्रकृतिलाई हेरेको हेरै गर्न मन लाग्छ । ऊ चिटिक्क, सफा र लोभलाग्दी देखिन थालेकी छ । उसलाई हेर्दा आँखा थाक्न छाडेका छन् । उनको शरीरमा एकटकले धेरै हेर्नु पनि पर्दैन, एकै छिन हेर्दा पनि किन हो चरम सुखको अनुभूति हुन्छ । उनको बदलिएको रूपरङ्ग र धपक्क बलेको यौवनको रहस्य जान्न प्रगाढ कौतूहल जागृत भएर आयो । मन थाम्न नसकेपछि उनको समीप गएर सोध्ने हिम्मत जुटाएँ, "सधैं निराश देखिने तिमी आजकल एकदमै प्रसन्न देखिन्छ्यौ । तिम्रो मुहारमा अप्रत्याशित चमक आएको छ । तिमी यति विधि उज्याली विगतमा कहिल्यै देखिएकी थिइनौ । तिम्रो ओइलाएको सुन्दरता आजकल फक्रिन थालेको छ । तिम्रो सुन्दरता हिजोआज किन हो स्वर्गकी अप्सरालाई पनि मात गर्ने खालको छ । तिमीमा एक्कासि अचम्मित हुनेगरी आएको परिवर्तनको रहस्य के हो ? भन न प्रकृति ।" प्रकृतिले आँखाबाट भरर आँसु चुहाइन् । लामो सास फेरिन् र भनिन्, "हो, विगत केही दिनदेखि म एकदमै प्रसन्न छु । मैले आफ्नो पछिल्लो जीवन कालमा यति विधि खुशी कहिल्यै भोग्न पाएकी थिइनँ । यस जगतमा सृष्टिलाई निरन्तरता दिनु मेरो प्रमुख कर्तव्य हो ।

मेरो जन्म र मेरो जीवनको ध्येय नै अरूलाई खुशी पार्नका लागि हो । तर म भने जीवनभर प्रताडित भएर रहें । धूलो, धूवाँ, फोहोर, विषाक्त रसायन आदिको कारणले यो शताब्दीको शुरूदेखि त झनझन उकुसमुकुसपूर्ण वातावरणमा जीवन बिताउनु पर्ने बाध्यता आइलाग्यो । म एकदमै रोगी भैसकेकी थिएँ । मैले पर्याप्त स्याहारसुसार पटक्कै पाउन सकिनँ । मेरो मनको व्यथा बुझिदिने कोही भएन । म रोगी भए पनि, कमजोर भए पनि, बेहोसी अवस्थामा भए पनि मेरो अस्मिता लुट्ने क्रम रोकिएको थिएन ।" उनले फेरी लामो सास फेर्दै आफ्ना रसाएका आँखा पुछिन् । मलिन स्वरमा उनले फेरी कुरा अगाडि बढाइन्, "तिमीले सोधेको प्रश्नको उत्तर दिंदा मेरो मन आज भक्कानिएको छ, तर उत्तिकै प्रफुल्लित पनि भएको छ । मलाई कसैले पनि तेरो दु:ख र पीडा के छ भनेर आजसम्म सोधेनन् । न त मेरो सुन्दरतालाई निरन्तरता दिन के गर्नुपर्छ भन्ने कुरामा कसैले आजसम्म प्रश्न गरे । कस्तीमा तिमीले मेरो सुन्दरताको रहस्य के हो भनेर त सोध्यौ । यसका लागि तिमीलाई धन्यवाद !" खुशी र पीडा दुवै मिसिएको आँखा मेरो आँखामा एकछिन जुधाइन् । केही क्षणको मौनतापछि उनले ओठमा वेदनाको मिश्रण सहित हलुका मुस्कान छर्दै भनिन्, "आजकल ममाथि किन अनौठो व्यवहार भइरहेछ, म पनि बुझ्नै सकिरहेकी छैन । म आफैं अचम्मित भएकी छु । मैले अनायास माया पाउन थालेकी छु । माया पाएपछि ओइलिएको मन पनि यसै तंग्रिने रहेछ । जीवनमा उत्साह उमङ्ग पलाउने रहेछ । जीवन र जगत् सबै सुन्दर लाग्ने रहेछ । अरू भन्दा पनि मैले विश्राम पाएकी छु । मेरो शरीरमा लुछाचुँडी गर्ने क्रम रोकिएको छ । मैले यौवन कालमा पाइने आनन्दको प्रत्यक्ष अनुभूति गर्न पाएकी थिइन । जीवनमा सधैं पीडा मात्र भोगिरहें । मैले व्यर्थ सम्झिन थालेको जीवनमा फेरि आशाको पालुवा पलाएको छ । यस जगतमा सृष्टिलाई निरन्तरता दिनसक्छु भन्ने झिनो आत्मविश्वास बढेर गएको छ ममा ।" उनको दुवै आँखाबाट एकै साथ एकएक थोपा आँसु खसे । रसाएको आँखा पुछ्दै थपिन्, "अहिलेको जस्तै मेरो पीडा बुझेर मलाई सधैं माया गरिदिए म पनि माया बाँड्न पाउने थिएँ । म स्वास्थ्य र निरोगी रहनसक्दा यस धर्तीलाई अनन्तकाल सम्म निरन्तरता दिइरहन पाउने थिएँ । मेरो प्रसन्नता र सुन्दरतामा रमाउन चाहन्छौ भने मलाई पनि उपयुक्त वातावरण चाहिन्छ । मेरो यौवनको भरपूर आनन्द लिन चाहन्छौ भने मलाई पनि प्रेम भरिएको आलिंगन चाहिन्छ । ममाथि विगत जस्तो व्यवहार नहोस् भन्ने मेरो ठूलो अपेक्षा पनि छ । मेरो जीवनमा पूर्णविराम लाग्यो भने समस्त प्राणी जगतकै भविष्यमा विराम लाग्ने अवस्था छ ! मानव जतिले यो यथार्थलाई बुझेर पनि बुझ पचाइरहेको छ !" एकछिन सास रोकेर सुँक्कसुँक्क गरिन् । अनि भक्कानिंदै आृनो मनको बह अझ पोखिन्, "मलाई थाहा छ, कोरोना जस्तो महामारीको कारण नै ममाथि हुने चरम दोहन अहिले रोकिएको छ । त्यसैले मेरो मुहार फेरिएको छ । आपतविपत पर्दा मात्र मनुष्यले मलाई जोगाउनु पर्छ भन्ने रट लगाउँछ । मेरो नाममा हरेक वर्ष विश्वभरि नै विभिन्न सम्मेलन र गोष्ठीहरू आयोजना गरिन्छ तर मैले भने ठूलो भिन्नताको अनुभव गर्न सकिरहेकी छैन । मैले आफ्नो विगत नियाल्दा म ढुक्क हुनसक्ने अवस्थामा त छैन । तर पनि मेरो सुन्दरता र यौवनमा लालायित हुने मनुष्य जातिलाई एउटा मात्र बिन्ती छ - मलाई जसरी उपयोग गर्छौ गर, तर तिमीहरूले आफ्नो स्वास्थ्यको ख्याल गरिरहँदा मेरो स्वास्थ्यको पनि ख्याल गरिदिए यो ब्रह्माण्डकै लागि हितकर हुने थियो । अहिले कोरोना कालमा मप्रति देखाइएको सहानुभूतिले सदाका लागि निरन्तरता पाए हुन्थ्यो ।" प्रकृतिले धेरै शंका र थोरै विश्वासले मेरो आँखामा एकोहरो हेरिरहिन् । मसँग नजिक हुन अलिकति अगाडि सरिन् । म भने एक कदम पछाडि सरें । उनको आँखाले मबाट उनको स्वास्थ्यको ख्याल गरिदिने बचनबद्धताको माग गरिरहेको झल्को दियो । म एक्लैले उनको माग पूरा गर्नसक्छु भन्ने कुरामा विश्वस्त हुन सकिनँ । बिस्तारै उनको आँखाबाट आफ्नो आँखा हटाएँ र शिर झुकाएँ । उनले मानव जातिप्रति तीव्र असन्तोष पोखिरहँदा म भने किंकर्तव्यविमूढ बन्नपुगें । तर, सुन्दर प्रकृतिसँग निरन्तर लुटपुटिने लालस भने मेट्न सकेन मेरो मनबाट ।

*-साहित्यपोस्ट डटकम*

# मोटरबोट चलेपछि स्थानीयको आम्दानी बढ्यो



**घोराही (दाङ),** असोज ९/ घोराही उपमहानगरपालिका-१६ बाहुनडाँडामा रहेको गगटे तालमा स्थानीय वेदबहादुर ओलीले मोटरबोट सञ्चालन गरेसँगै स्थानीयको आम्दानी बढेको छ ।

बोटिङ गर्न आउनेले स्थानीय उत्पादन, परिकार खपत गरेपछि उत्पादनमा वृद्धि भएको हो । चालीस वर्षीय ओलीले मोटरबोट सञ्चालनसँगै कुखुरा, हाँस र माछापालन पनि गरेका छन् । उनको फर्मलाई आवश्यक पर्ने दानालगायत सामग्री आपूर्तिबाट पनि स्थानीयको आम्दानी बढोत्तरीमा टेवा पुगेको छ । मोटरबोट सञ्चालनसँगै कुखुरा, हाँस र माछापालनबाट प्रशस्त आम्दानी हुने गरेको उनले बताए । 'मेरो सानो रिसोर्ट पनि भएकाले बोटिङ गर्न आउनेहरू त्यहाँ पनि पुग्छन् यसले व्यवसाय प्रवर्द्धन भएको छ', उनले भने । सार्वजनिक बिदा र शनिबार बढी आन्तरिक पर्यटक आउने गरेका, गर्मीका बेला दैनिक २५-३० जना बढीले बोटिङ गर्ने तथा अन्य व्यवसायबाट आफूले मासिक एक लाख ५० आम्दानी गर्दै आएको उद्यमी ओलीले बताए । उनले भने 'मेरो व्यवसायमा स्थानीय दुई जनालाई रोजगारी दिएको छु भने घरका पाँच जनाले पनि काम गर्दै आएका छौँ ।' बोटिङ गर्न आउनेसँग प्रतिव्यक्ति एक सय शुल्क लिने गरेको जानकारी दिँदै उनले यसमा हालसम्म एक करोड १० लाख लगानी गरेको र भविष्यमा व्यवसाय विस्तार गर्ने योजना रहेको सुनाए ।

*-रासस*

# आज परमाणु हतियार निर्मूल दिवस मनाइँदै



**पाल्पा,** असोज ९/अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मूल दिवस आज विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ । संयुक्त राष्ट्र संघको आह्वानमा यो दिवस हरेक वर्ष सेप्टेम्बर २६ का दिन मनाउने गरिएको हो ।

राष्ट्रसंघको स्थापनासँगै आणविक हतियार नष्ट गर्ने विषयले प्राथमिकता पाउँदै आए पनि सन् २०१३ मा सम्पन्न साधारणसभाबाट घोषणा भएसँगै सेप्टेम्बर २६ का दिन अन्तर्राष्ट्रियस्तरमा दिवस मनाउन थालिएको पाइन्छ । सार्वजनिक जागरूकता बढाउन र परमाणु नि:सस्त्रीकरणको सवालमा राष्ट्र संघले गरेका प्रयासको श्रृंखलामा यसलाई एउटा नयाँ आरम्भको रुपमा लिने गरिएको छ । परमाणु हतियारको पूर्ण उन्मूलन गर्न आवश्यकताबारे आमजनमानसलाई जागरूक पार्दै यसले मानव जातीमा पार्ने असरको बारेमा सबैलाई जानकारी दिनु नै दिवसको मुख्य उद्देश्य हो । सन् १९४६ मा बसेको संयुक्त राष्ट्रसंघको महासभाले संसारबाट परमाणु हतियार निर्मूल पार्न संकल्प लिएसँगै सन् १९५९ मा भएको संयुक्त राष्ट्र संघको साधारण सभाले सामान्य र पूर्ण नि:शस्त्रीकरणको उद्देश्यलाई समेत पूर्णरुपमा समर्थन गरेको थियो । विशेषगरी विश्व शीतयुद्धको समाप्त भएपछि संयुक्त राज्य अमेरिका र तत्कालीन सोभियत संघको तर्फबाट यस किसिमको घातक हतियार नष्ट गरेसँगै विश्वमा आणविक हतियारको संख्या उल्लेखनीय मात्रामा कमी भएको छ । राष्ट्संघका अनुसार अहिले पनि विश्वभर करिब १२ हजार पाँच सय १३ आणविक हतियार रहेका छन् । यसैगरी विश्वका करिब आधा जनसंख्या आणविक हतियार भएका मुलुक र हतियार हुने देशको मोर्चासम्बद्ध देशमा बसोबास गर्दछन् । आणविक हतियारका कारण अकल्पनीय धनजनको क्षति हुनबाट जोगाउन र वातावरणसहित पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने मूल उद्देश्यका साथ यो दिवस मनाउन थालिएको हो । यस दिवसका अवसरमा आणविक हतियार उन्मूलनका सन्दर्भमा विश्वभर व्यापक प्रचारप्रसारसहित प्रतिबद्धता जनाउने गरिन्छ । विश्वलाई परमाणु हतियार मुक्त गर्ने संयुक्त राष्ट्र संघको पुरानो उद्देश्य हो । संयुक्त राष्ट्र संघको उक्त उद्देश्य पुरा गर्ने र विश्वलाई परमाणु हतियार मुक्त गराउने उद्देश्यलाई साथ दिँदै कतिपय मुलुकले आफ्नो परमाणु कार्यक्रम समेत बन्द गरेका थिए तर त्यसको विभिषिका अझै कायम छ । विश्वका शक्तिशाली राष्ट्रहरु अमेरिका, रुस, बेलायत, भारत, इरान, चीन, जापान, कोरिया लगायतका देशमा अझै पनि परमाणु भट्टीहरु सञ्चालनमा रहेका छन् । यसले परमाणु हतियारको त्रास कायमै छ ।

# सिद्धबाबा सुरुङमार्ग...

...बुटवलको तल्लो सिद्धबाबादेखि पाल्पाको दोभान चौकी सम्मको करिब तीन किलोमिटर सडक क्षेत्र पहिरोका कारण जोखिमयुक्त भएकाले यहाँ सुरुङमार्ग बनाउन लागिएको हो । चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सुरुङमार्ग निर्माणका लागि ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा २०७८ फागुन १ मा ठेक्का पाएको हो ।

गत साउन पहिलो साता झरेको पहिरोले सुरुङमार्गको 'टनेल पोर्टल' नै पुरिएपछि तीनमहिना बढी समय रोकिएको थियो । सुरुङमार्ग निमार्णका लागि पटक-पटक सडक बन्द गरेर काम हुँदै आएको छ ।

निर्माण कार्यको सन् २०२२ मार्च ९ मा ठेक्का सम्झौता भएर २२ मार्च २०२७ मा सक्नुपर्ने सम्झौता रहेको छ । ठूलो क्षति व्यहोर्नु परेको र त्रासदीमा यात्रा गर्नुपर्ने बाध्यतामा रहेका स्थानीयहरू सुरुङमार्गको कामले गति लिएपछि भने वर्षौंदेखि सुरुङ बन्ने सपना पुरा हुनेमा ढुक्क भएका छन् । यो सडक खण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बाग्लुङ तथा म्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् । यहाँ हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याउने गर्दछ ।

आयोजनाका अनुसार यहाँ बुटवल र पाल्पा दुबैतर्फ जोखिमयुक्त सडकमा दुई लेनको सडक बनाइने छ । सिद्धबाबा मन्दिर नजिकैबाट सुरुङ छिरेर पाल्पातर्फ तिनाउ जलविद्युत् आयोजनाको छेउमा निस्किने छ ।

## खेलकुद समाचार

# नेपाल ६ गोलले पराजित



**काठमाडौँ,** असोज ९/एएफसी २० वर्षमुनिको एशियन कप छनोटमा नेपाल उज्बेकिस्तानसँग पराजित भएको छ । न्यु ताइपेई सिटीमा आज भएको खेलमा नेपाल उज्बेकिस्तानसँग ६-० गोलले पराजित भयो ।

समूह 'बी' मा रहेको नेपाल पहिलो खेलमा कम्बोडियासँग ४-१ गोलले पराजित भएको थियो । यस्तै दोस्रो खेलमा नेपालले घरेलु टोली चाइनिज ताइपेईलाई ३-१ गोलले हर एको थियो । नेपाल ३ खेलमा ३ अङ्कसहित तालिकाको चौथो स्थानमा छ । उज्बेकिस्तान २ खेलमा ६ अङ्कसहित शीर्ष स्थानमा छ । अब नेपालले समूह चरणको अन्तिम खेलमा शुक्रबार बहराइनसँग खेल्नेछ ।

## बगनासकालीमा...

विगतमा जस्तै भत्ता लिनका लागि वडास्तरमा वितरण गर्ने गरी पालिकाले तयारी थालेको जनाएको छ । नेपाल बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण हुने गरेको छ । योसँगै बगनासकाली गाउँपालिकाले ग र घ वर्गका लाभग्राहीको लागि वितरण गरिने निर्वाह भत्ताको नविकरण विवरण संकलन समेत सकिएको जानकारी दिएको छ । गाउँपालिकाभित्रका ग वर्गका पहेँलो कार्डका लागि मासिक ५ सय र घ वर्ग सेतो कार्ड हुने अपांगता भएका लागि मासिक ३ सय निर्वाह भत्ता विरण गर्दै आएको छ । ग र घ वर्गका लाभग्राहीको सामाजिक सुरक्षा भत्ता गाउँपालिकाले अर्धवार्षिक रूपमा लाभग्राहीको खातामा जम्मा गर्ने जानकारी दिएको छ ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से ४९ अंकले वृद्धि



**पाल्पा,** असोज ९/ शेयर कारोबार मापक नेप्से परिसूचकमा वृद्धि भएको छ। बुधबार धितोपत्र बजारमा ४९ दशमलव १८ अंकले नेप्से बढेको हो ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार परिसूचक ४९ दशमलव १८ अंकले उकालो लागेर दुई हजार पाँच सय १९ दशमलव ५७ विन्दुमा सीमित भएको छ ।अघिल्लो दिन पाँच अर्ब ६८ करोड ९५ लाख ६१ हजार तीन सय ५६ मूल्यमा खरिद बिक्री भएकामा बुधबार भने चार अर्ब ८१ करोड ३२ लाख २३ हजार चार बराबरको कारोबार भएको छ । कुल एक करोड २४ लाख ९४ हजार नौ सय ८९ कित्ता शेयर खरिदबिक्री हुँदा अघिल्लो दिनको तुलनामा शेयर कारोबार भने खुम्चिएको नेप्सेले जनाएको छ । सोहिदिन बैङ्किङ १.८, विकास बैंक २.७५, फाइनान्स ३.८०, होटल तथा पर्यटन ३.५०, हाइड्रोपावर २.६०, लगानी १.५६, जीवन बीमा १.९१, उत्पादन १.४४, माइक्रोफाइनानस १.४९, निर्जीवन बीमा १.६७, अन्य १.७५ र व्यापार समूह १.७८ प्रतिशत बढेका छन् । विन नेपाल लघुवित्त, न्यादी हाइड्रोपावर, युनिक नेपाल लघुवित्त, सगरमाथा जलविद्युत् र थ्रीस्टार हाइड्रोपावरको शेयर मूल्य १० प्रतिशत बढेको नेप्सेले जनाएको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com प्रा.जि.हु.द.नं. ५/२०७८/०७९, प्रा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई